गोलवजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
गोलवजार न.पा. सिरहा
प्रदेश नं.२ नेपाल

phon.033-54009
Mail : Golbazarmun@gmail.com
Fax : 033-540099

पत्र संख्या: २०७७/०७८
च.नं. २८१

मिति: २०७७/१२/०३

गोलवजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलवजार सिरहा प्रदेश नं.२ नेपाल

विषय : कक्षा १ देखि १० सम्मको अर्ध वार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।

श्री नगरभित्रका सबै सामुदायिक विद्यालयहरु ।

प्रस्तुत विषयमा नगर स्तरीय परीक्षा समितिको मिति २०७७/१२/०३ को निर्णयानुसार २०७७ सालको कक्षा १ देखि कक्षा १० सम्मको अर्ध वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तपसिल अनुसार गर्ने/ गराउने निर्णय भएकोले सोही अनुसार परीक्षा सञ्चालन गर्नगराउनु हुन अनुरोध छ ।

क) २०७७ सालको आधारभूत तथा माध्यमिक तहको अर्ध वार्षिक परीक्षाको कार्यक्रम देहाय वमोजिम रहेको छ ।

| मिति | बार | ११:०० वजेदेखि १:०० वजेसम्म प्रथम सिफ्ट | | दिउसो १:३० वजेदेखि ४:०० वजेसम्म दोस्रो सिफ्ट |
|---|---|---|---|---|
| | | कक्षा १ देखि कक्षा ५ सम्म | कक्षा ९ र १० | कक्षा ६,७ र ८ |
| २०७७/१२/११ | बुधबार | अंग्रेजी | अ.अंग्रेजी | अंग्रेजी |
| २०७७/१२/१२ | बिहीबार | नेपाली | अ.नेपाली | नेपाली |
| २०७७/१२/१३ | शुकबार | सामाजिक अध्ययन (सृ.अ.क.) | अ.सामाजिक अध्ययन र II&M/EI&M | सामाजिक अध्ययन र जन संख्या शिक्षा |
| २०७७/१२/१४ | शनिबार | इच्छाधीन सबै | अ.स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा र EED/ED | स्वास्थ्य तथा शारीरिक र नैतिक शिक्षा |
| २०७७/१२/१५ | आईतबार | विज्ञान तथा स्वास्थ्य शारीरिक शिक्षा | अ.विज्ञान | विज्ञान तथा वातावरण शिक्षा |
| २०७७/१२/१८ | बुधबार | गणित | गणित | गणित |
| २०७७/१२/१९ | विहीबार | - | ऐच्छिक प्रथमपत्रहरु र EI&M | कम्प्युटर शिक्षा |
| २०७७/१२/२० | शुकबार | | ऐच्छिक दोस्रोपत्रहरु र BE/EM | पेशा, व्यवसाय तथा प्रविधि शिक्षा |
| २०७७/१२/२१ | शनिबार | | WORKSHOP/ UEE | |

ख) नगरको पूर्व सूचना विना उक्त परीक्षा तालिका अवधिमा कुनै विदा पर्न गए पनि परीक्षा सञ्चालन हुनेछ ।

ग) कक्षा ६-८ मा मातृभाषा वा स्थानीय विषय, अन्य विषयका लागि कम्प्युटर विषयको प्रश्नपत्र तयार पारी दिइनेछ तर अन्य विषय पठनपाठन गरिएको भए विद्यालयले आफै बनाई परीक्षा लिने र नगरमा अभिलेखका लागि पठाउनु पर्नेछ ।

घ) आधारभूत तथा माध्यमिक तहको परीक्षाको प्रश्नपत्रहरु नगरपालिकाबाट सम्बन्धित विद्यालयको प्र.अ.लाई बुझाउनेछ र प्र.अ.ले सुरक्षित एवं गोप्य रुपमा राखी परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

ङ) परीक्षा समाप्त भएपछि सबै उत्तरपुस्तिकाहरु सम्बन्धित विषय शिक्षककहरुबाट विश्वसनीय तवरले परीक्षण गर्न लगाउने र परीक्षा लगतै नतिजा प्रंकाशन गर्नु पर्नेछ । सो उत्तरपुस्तिकाहरु विद्यालयले प्रचलित नियम अनुरुप सुरक्षित राख्नु पर्ने छ ।

च) उत्तरपुस्तिका तथा परीक्षासँग सम्बन्धित अन्य सामाग्रीहरु २०७७ चैत्र १० गते नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट वितरण गरिनेछ । परीक्षा सामाग्री बुझ्न आउँदा प्र.अ.बाहेक विद्यालयका शिक्षक वा कर्मचारीलाई विद्यालयको आधिकारिक पत्रसहित पठाउनु पर्नेछ ।

छ) कक्षागत, विषयगत पाठ्यक्रमले तोकेको प्रयोगात्मक कार्य, परियोजना आदि गराई मूल्याङ्कन गर्ने र सोको अभिलेख विद्यालयमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ज) सबै विद्यालयहरुले २०७८ बैशाखको पहिलो हप्ताभित्र नतिजा प्रकाशन गरिसक्नु पर्नेछ । नतिजा प्रकाशनको दिन उत्तरपुस्तिका, लब्धाङ्क पत्रसहित अधिभावक, विद्यार्थी बोलाई नतिजा प्रबोधिकरण गर्नु पर्नेछ । सिकाइ उपलब्धि/प्राप्ताङ्क सारांश विवरण नगर पालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

झ) कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम स्थानीय विषय/मातृभाषाको प्रश्नपत्र विद्यालयले बनाई परीक्षा लिने र नगरमा प्रश्नपत्र अभिलेखका लागि पठाउनु पर्नेछ ।

ञ) कक्षा ९ र १० का लागि ऐच्छिक पहिलो र दोस्रोका मूल विषयहरुका लागि प्रश्नपत्र उपलब्ध गराइनेछ, अन्य विषय भए विद्यालयले आफै बनाई परीक्षा लिने र नगरमा अभिलेखका लागि पठाउनु पर्नेछ ।

जयराम अधिकारी
उपसचिव